## ४

*[संवत् २०४० सालको 'मदन पुरस्कार' 'अलिखित' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री ध्रुवचन्द्र गौतमलाई समर्पण गर्न संवत् २०४१ साल आश्विन १३ गते रोज ७ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १०० बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू र बन्धुगण !

धन्यवाद भन्ने काम मेरो पऱ्यो, यो कार्यक्रम पुस्तिकाले त्यही भन्छ। सधैं यसरी नै धन्यवाद ज्ञापन गर्न पाइरहेछु मैले त्यसको लागि नै मदन पुरस्कार गुठीलाई धन्यवाद भन्नुपर्छ पैले।

सधैंको भन्दा केही बढी नै धन्यवाद भन्नुपर्छ मैले यसपटक- पत्रकार साथीहरूलाई धेरै कम पटक यस्तो भएको छ- यति धेरै धन्यवाद पाएको छ गुठीले यस वर्ष। हुन त पत्रपत्रिकाको सङ्ख्या पनि बढेको छ त्यसैले होला- तर म सबै नाम नै सम्झन सक्तिनँ, त्यत्तिका पत्रपत्रिकाका सम्पादक साथीहरूले यसपटकको पुरस्कार घोषणा भएपछि सन्तोष व्यक्त गर्दै गुठीको निर्णयको सराहना गर्नुभयो। हामीले यसरी धन्यवाद खान पाउनुमा श्रेय समग्र ध्रुवचन्द्रजीमा जाने देखें मैले। उहाँका यति श्रद्धालु पाठकहरू रहेछन्- साथीहरूका घेरो यति फराकिलो रहेछ उहाँको- उहाँले पुरस्कार पाएकोमा सबै प्रसन्न! सबैले हामीलाई जस दिए। त्यसैले यो पुरस्कार पाइदिएर ध्रुवचन्द्रजीले हामीलाई गुन लगाउनुभयो। उहाँलाई धन्यवाद !

एउटा कुरो स्पष्ट पारूँ यहाँ। यो पुरस्कार दिने काम एक जनाको होइन। कसैलाई कोही मन पऱ्यो भन्दैमा मदन पुरस्कार दिइँदैन, दिन सकिँदैन। यो पुरस्कार तपाईंहरू नै दिनुहुन्छ- किनभने नेपाली विद्वद्वर्गले जे सोचिराखेको हुन्छ त्यही कुरा प्रतिविम्बित हुन्छ पुरस्कारको घोषणामा। ध्रुवचन्द्र गौतमले किन यत्तिका वर्ष पुरस्कार पाएनन् ? हुन सक्छ- तपाईं हामी तयार रहेनछौं- उहाँलाई पुरस्कार

दिन। किनभने पुरस्कृत किताब छान्ने काम परीक्षकहरूले गर्छन्– जो तपाईं हामीकै मध्येका कोही हुन्छौं। नेपाली बुद्धिजीवी समाजको एउटा प्रतिनिधि हुन्छ परीक्षक– उसले या उनीहरूले समाजको नारी छामेको हुन्छ। त्यसैले हाम्रा परीक्षकहरूमा समाज बोलेको हुन्छ भन्ने हामीलाई लाग्छ। त्यसै हुँदा ध्रुवचन्द्रजीलाई पुरस्कार दिँदा हामीले, गुठीले जे धन्यवाद पायो त्यो पनि सबै तपाईंहरूले नै गर्दा हो। त्यसैले तपाईंहरूलाई धन्यवाद। नेपालभरका कवि, लेखक, बुद्धिजीवीहरूको प्रतिनिधित्व गर्ने प्रतीकका रूपमा तपाईंहरूलाई हामीले मानेका छौं। त्यसैले यो धन्यवाद उहाँहरूसम्म पुऱ्याइदिने पनि तपाईंहरूकै जिम्मा !

यसै बेला अर्को एउटा कुरा पनि यहाँ भनिराखूँ। 'गोरखापत्र'ले यसपटक पनि हामीलाई अलिकति सल्लाह दिएको छ। एउटा सल्लाह त स्व. भैरव अर्यालले गो.प.कै माध्यमबाट धेरैपटक दिइसकेको सल्लाह हो– गुठीले किताब आफैले खोजेर पुरस्कार देओस्, किताब गुठीमा पठाइरहनु पर्ने झ्याउलो नरहोस् भन्ने। यसबारे त गुठीले यस्तै सभाद्वारा र हाम्रो मुखपत्र 'नेपाली' मार्फत् त्यसो गर्न किन उपयुक्त हुँदैन भन्दै आइरहेकाले यहाँ नदोहोऱ्याऊँ। तर यसपटकको अर्को सुझावबारे केही भन्नुपर्ला। सुझाव के थियो भने एउटै मात्र पुरस्कार दिँदा विभिन्न विषयका उत्तमोत्तम ग्रन्थमा तुलना गर्न गाह्रो पर्दछ– त्यसैले पुरस्कारको सङ्ख्या बढाइयोस्। भरखर गुठीका सदस्य खड्‌मानजीले भन्नुभयो पहिले चार चारोटा पुरस्कार दिइन्थ्यो। तर चार चारोटा पुरस्कार दिँदा पनि त्यो समस्या त्यस्ताको त्यस्तै रहँदोरहेछ– महाकाव्य र इतिहासमा त सजिलो होला तर रशायनशास्त्र र खगोलका दुई ग्रन्थ उत्तिकै उत्कृष्ट भए भने कसलाई पुरस्कृत गर्ने भनी ठेगान गर्न गुठीले कुनै मापदण्ड बनाउनै पर्छ। त्यो आफ्नो प्रकारको खसै भए पनि एउटा मापदण्ड हामीले अपनाइआएका छौं। त्यत्ति ठूलो समस्या परेको छैन। त्योबाहेक दुइटासम्म पुरस्कार दिनसके हामीलाई खुसी नै लाग्थ्यो तर रकम पुग्दैन। पुरस्कारको अङ्क घटाउनु उचित हुँदैन, डबल गर्ने पैसा हामीसँग छैन। यस्तो छ। भए पनि, 'गोरखापत्र'ले हाम्रो पुरस्कार मा यति चाख लिई लेखेकोमा धन्यवाद। अरू पनि यस पुरस्कारबारे लेखिदिने सम्पादक साथीहरूलाई पनि धन्यवाद !

हाम्रा कवि कथाकार 'प्यारु राजा' जसलाई तपाईंहरू. माननीय द्रोणशमशेर भनेर मात्र चिन्नुहोला म विशेष धन्यवाद भन्छु– यो दुई हैसियतले, एउटा मदन पुरस्कार गुठीको सेक्रेटरी भएर– हाम्रो अनुरोध मानेर यहाँ बोलिदिनुभएकोमा– लेख्नै पर्ने वाध्यतालाई पनि मानिदिएर– अर्को लेखकको हैसियतले पनि म उहाँलाई धन्यवाद भन्छु– किनभने उहाँले आज यहाँ उपस्थित कवि लेखकहरूको मात्र होइन नेपाली बुद्धिजीवीकै प्रतीक भएर प्रतिनिधि भएर बोलिदिनुभएको छ– हाम्रो मुखपात्र भैदिएकोमा धन्यवाद !